

# आशाद्वारा उत्प्ररित

मे १८,२०२४को निम्ति अध्याय ७


""त्यस दिन तिनीहरूले यसो भन्नेछन्, "निश्चय उहाँ नै हाम्रा परमेश्वर हुनुहुन्छ, हामीले उहाँमाथि भरोसा गऱ्यौं वा पर्खेर बस्यौं र उहाँले नै हामीलाई बचाउनु हुनेछ। उहाँ नै परमप्रभु हुनुहुन्छ, उहाँमाथि हामीले भरोसा र उहाँकै निम्ति पर्ख्यौं। उहाँले गर्नुभएको उद्धारमा हामी खुशी हुनेछौं र रमाउनेछौं।" यशैया २५:९।




**जब भविष्यवाणीका घट्नाहरू उघारिन्छन्, संसारका मानिसहरूले त्यसको बारेमा अनुसन्धान गर्न थाले र येशू ख्रीष्टको तुरन्तै दोस्रो आगमनको बारेमा प्रचार गर्न थालियो।**

तिनीहरूमा जर्मनका योहान अलब्रेच्ट बन्गल (१६८७-१७५२), चिली देशका मान्युयल लाकुन्जा (१७३१-१८०१); उत्तर अमेरिकाका विलियम मिलर (१७८२-१८६१); जोसेफ उल्फ (१८२१-१८४५) थिए, जसले येशूको आगमनको सन्देश अफ्रिका, मिश्र देश, आवसेनिया वा इथियोपिया, एशिया, सिरिया, पर्सिया, उजबेकिस्टान र भारतमा सन्देश लगेका थिए।

तिनीहरू र अरूहरूका लेखहरूमा येशू ख्रीष्ट १९सौँ शताब्दीको बिचमा फर्किनुहुनेछ भनेर ठोकुवा गरेका थिए।

- दोश्रो आगमन:
  - **धन्यको आशा.**
  - **येशू कसरी आउनुहुन्छ?**
- विलियम मिलर:
  - **बाइबलको व्याख्या कसरी गर्ने।**
  - **भविष्यवाणीका समय तालिका।**
  - **२,३०० दिनहरूका भविष्यवाणी।**



दोश्रो आगमन

# धन्यको आशा

""हाम्रो धन्यको आशा- हाम्रा महान् परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टका महिमाको आगमनको हामी प्रतीक्षा गर्दछौं।" तितस २:१३।

येशूले नै आफू फर्किने बाचा गर्नुभएको थियो (यूहन्ना १४:१-३)। त्यस दिनदेखि आजसम्म येशूका सबै भक्तहरू त्यही आशा मा झुण्डिरहेकाछन् (तितस २:१३)।

रोमन क्याथोलिक चर्च, अर्थोडक्स चर्च, आङ्ग्लकन चर्चको धार्मिक सिद्धान्तमा त्यही आशा उल्लेख गरेका छन्। लुथर, क्यालभिन र अरू सुधारवादी इसाईहरूले पनि त्यही आशालाई औंल्याएका थिए।.





येशू ख्रीष्टको दोस्रो आगमन सबैको निम्ति किन उत्सुकताको विषय हो?



सारा बिमार, दु:खकष्ट र मृत्युको अन्त्यलाई औंल्याउँछ



यसको अर्थ गरिबी, अन्याय, अत्याचार र दमनको अन्त्य



सबै किसिमका झगडा, द्वन्द्व र युद्धको अन्त्य



सबै किसिमका झगडा, द्वन्द्व र युद्धको अन्त्य

# येशू कसरी आउनुहुन्छ?

""जसरी बिजुली पूर्वबाट चम्कँदा पश्चिमसम्मै उज्यालो हुन्छ, त्यसरी नै मानिसको पुत्रको आगमन हुनेछ।" मत्ती २४:२७।

१९सौं शताब्दीमा येशूको दोस्रो आगमनको शिक्षा विकृतिमा पारेको थियो। येशूले यस पृथ्वीमै १००० वर्षको शान्तिको राज्य उहाँले स्थापना गर्नुहुनेछ (प्रिमिलनियलिजम) वा हजार वर्षको शान्तिको राज्य पछि उहाँको दोस्रो आगमन हुनेछ (पोस्टमिलिनियलिजम) भनेर प्रोटेस्टेन्ट इसाई प्रचारक र विद्वानहरूले सिकाएका थिए।

तर, सुधारवादी इसाईहरूले सहस्रवर्ष येशूको दोस्रो आगमनपछि हुनेछ भनेर सिकाएका थिए। त्यसको पुष्टि बाइबलले यसरी दिन्छ:



*अक्षरस वा वास्तविक वाचा, "म छिट्टै आउँदैछु" (प्रकाश २२:२०)।*



*सबैले देख्ने गरेर: "हरेक आँखाले उहाँलाई देख्नेछ" (प्रकाश १:७; मत्ति २४:२७)।*



*सबैले सुन्ने गरेरः "प्रभु स्वयम् हुकुमको गर्जनसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्‍वरका तुरहीको सोरसित स्वर्गबाट ओर्लनुहुनेछ" १ थेस्सोलिनिकी ४:१६।*



*महिमित: मरेकाहरू बौरि उठ्नेछन्, जिउँदाहरू परिवर्तित हुनेछन् र हामी प्रभुसँ उत्रिनैछौं (२ थेस्सोलिनिकी ४:१३÷१८; १ कोरन्थी १५:५१:५५)।*




विलियम
मिलर

# बाइबल कसरी व्याख्या गर्ने

“"“त्यसले कसलाई सिकाउन चाहेको छ? कसलाई त्यसले समाचारको अर्थ बुझाउँदैछ? भर्खर दूध छोड़ेका बालकहरूलाई, भर्खर दूधबाट अलग गरिएकाहरूलाई? किनकि यस्तो छ- गरिबस, गरिबस, शासन गर, शासन गर, यहाँ अलिकति, त्यहाँ अलिकति।” यशैया २८:९-१०।

यशैया २८:९-१०कै आधारमा विलियम मिलरले बाइबलको व्याख्या बाइबलले नै गरून् भन्ने निर्णय गरे।

उत्पत्तिदेखि सुरु गरेर उनले बाइबलको प्रत्येक हरफ हरफ पढ्न थाले। यदि उनलाई बाइबलको अंशको अर्थ स्पष्ट भएन भने बाइबलकै अर्को अंशबाट समाधान खोजे। यसरी उनलाई पवित्र आत्माले नै बाइबलको अर्थ स्पष्ट पारिदिनुभएको थियो।

जब भविपय्यवाणीका अंशहरू पढे तब त्यही नीति पनि उनले प्रयोग गर्न सक्ने रहेछ भनेर पत्ता लगाए





जब ती नीतिहरू उनले प्रयोग गरे तब मिलरले जे भेट्टाए त्यसले उनलाई छक्क पारेका थिए।



पशुहरू राष्ट्रहरूको प्रतिनिधित्व गर्दछन् (दानिएल ७:१७,२३))





हावाहुरीको अर्थ विनाश (यर्मिया ४९:३६)





पानीको अर्थ अथाह जनसमूह (प्रकाश १७:१५)






स्त्रीहरूले चर्चहरूको प्रतिनिधित्व गर्दछ (इजकिएल २३:४; २ कोरन्थी ११:२)





दिनहरूका अर्थ वास्तविक वर्षहरू (गन्ती १४:३४; इजिकिएल ४:६)



# भविष्यवाणीको समय

"उनले मलाई भने, “दुई हजार तीन सय साँझ र बिहान लाग्नेछ, तब पवित्रस्थानको पून:अर्पण हुनेछ।” दानिएल ८:१४।



त्यसलाई सोच्दा मिलरले यो सोच्यो कि यस पृथ्वी नै पवित्रस्थान हो। उनले त्यस भविष्यवाणीलाई शुद्धिकरण गरिनेको रूपमा लिए जसले येशूको दोस्रो आगमनको समयलाई औंल्याउनेरहेछ।

स्वर्गदूत गाब्रिएलले दानिएललाई दिव्यदर्शनको बारेमा विस्तृत विवरण दिएको उनले सिके::




- भेँडाको अर्थ मिड र पर्सिया (दानिएल ८:२०)
- बोकाको अर्थ ग्रिस (दानिएल ८:२१ अ)
- टुक्रिएको सिङ्गको अर्थ अलेक्जान्दर र उनका पछि आउने शासकहरू (दानिएल ८:२१आ-२२)
- सानो सिङ्गको अर्थ रोम जसको राजनैतिक र धार्मिक पक्षहरू (दानिएल ८:२३-२५)
- तर २३०० दिनहरूको बारेमा दानिएललाई तत्काल व्याख्या गरिएको थिएन (दानिएल ८:२३-२५)

केही वर्षपछि यस विषयवस्तुलाई बुझाउन दानिएललाई बुझाउन स्वर्गदूत दानिएलकहाँ पठाइएको थियो (दानिएल ९:२४-२५)। केही समय काटिने छ भनेर उनले दानिएललाई भनेका थिए (दानिएल ९:२४-२५)। यदि त्यो समयको क्रमलाई मिलरले बुझ्नुको अर्थ यो २३००दिन वा वर्षहरूको सुरु उनले भेट्टाउनु परेको थियो।

# २,३०० दिनको भविष्यवाणी

"“तिमी, एज्राले चाहिँ तिमीसित भएको तिम्रा परमेश्वरको बुद्धिअनुसार यूफ्रेटिस पारिको प्रान्तका तिम्रा परमेश्वरका विधिविधानलाई जान्ने सबै मानिसमाथि न्याय गर्न हाकिमहरू र न्यायकर्ताहरू नियुक्त गर्नू। ती नजान्नेहरूलाई चाहिँ तिमीले सिकाउनू।" एज्रा ७:२५।





पर्सियाका राजा आर्तशास्त्रको सातौं वर्षमा एज्रालाई यरुशेलममा जान आदेश दिएका थिए। त्यस सहरको पुनर्निर्माण गर्न उनलाई पर्याप्त राजनैतिक स्वतन्तता दिएको थियो। त्यस सहरको पुनर्निर्माण पूरा गर्न उनलाई अधिकार दिइएको थियो (एज्रा ७:७,११-१४,२०-२१,२४-२५)। यो ई.पू. ४५७को वर्ष थियो।

७० वर्षको भविष्यवाणीले औंल्याएको अनुसार यरुशलेमको पुनर्निर्माण गर्न ४९ वर्ष लागेको थियो। अनि मसीहको आगमनमा (दानिएल ९:२५) ४३४ वर्ष पूरा भएको थियो। यसको हिसाब गर्दा सन २७मा येशूको बप्तिस्मा र ७० हप्ताको अन्त्य सन ३४लाई औंल्याउँछ।

ती भविष्यवाणीका तालिकाहरू मिलाउँदा येशूको दोस्रो आगमन सन् १८४३तिर हुन्छ भन्ने निश्कर्ष मिलरले निकाले।

इतिहासमा शून्य नभएको कारणले येशूको आगमन सन १८४४मा हुनेछ भनेर उनले निर्णय गरे।



DANIEL'S VISIONS.

ILLUSTRATIONS OF MILLER'S VIEWS

END OF THE WORLD

1843.

JOHN'S VISIONS.

# २,३०० दिनहरूको भविष्यवाणी

""सत्तरी वर्ष तिम्रा मानिसहरू र पवित्र शहरको निम्ति अलग गरिनेछ" (दानिएल ९:२४ रूपान्तरित)।)



“"बाइबलमा उजागर गरेका अत्यन्तै सारगर्भित, गम्भिर र महिमामय सत्यहरूमा येशू ख्रीष्टको दोस्रो आगमन पनि एक हो। यसले मुक्तिको योजनाको कामलाई पूरा गर्दछ। परमेश्वरका यात्रीहरू यस मृत्युको छायाँ भएको क्षेत्रहरू यात्रा गरिरहेका छन्। उहाँको आगमनको आशा तिनीहरूको निम्ति, बहुमूल्य, प्रेरणादायी आशाको प्रतिज्ञा हो। उहाँ नै पुनरुत्थान र जीवन हो। उहाँले यस जीवनको दुःखद यात्रालाई समाप्त गरेर उहाँका जनहरूलाई घरमा फेरि फिर्ता ल्याउनुहुनेछ। पवित्र धर्मशास्त्र बाइबलको प्रमुख विषयवस्तु नै दोस्रो आगमनको शिक्षा हो।

एलेन जी॰ ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी*, पृ॰ २९९।



"प्रत्येक दिन हामीले केवल एक दिनको मात्रै जिउनु पर्दछ। आज नै प्रभुप्रति बफादारी भएर भरोसा राख्न सिक्नुपर्दछ। आज नै हामीले परमेश्वर र हाम्रा छिमेकीलाई हाम्रो सारा हृदयले प्रेम गर्नुपर्छ। आज नै हामीलाई जालमा पार्ने हाम्रो शत्रु सैतानको चलखेलसँग प्रतिरोध गर्नुपर्छ। येशू ख्रीष्टको अनुग्रहले हामी विजयी जीवन बिताउन सक्छौं। त्यसकारण, येशू ख्रीष्टको आगमनको निम्ति हेर्दै गर्नेछौं र पर्खिनेछौं। प्रत्येक दिन हाम्रो जीवन यस्तो हुनुपर्दछ कि यो दिन यस संसारमा हाम्रो निम्ति अन्तिम दिन हो। यदि उहाँ भोलि आउनुहुन्छ भनेर हामीले सोचेको भए हाम्रा दिमागमा दया, माया, करुणाका बोलीहरूलाई अड्डा जमाउन दिने थिएनौं र हामीले सकेको सबै निस्वार्थी कामहरू पनि गर्न सक्ने थिएनौं।“

एलेन जी. ह्वाइट, इन हेभेन्ली प्लेसेज, डिसेम्बर १४, पृ. ३५५।

EGW (In heavenly places, December 14 p.355)